## लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः ८ संख्याः ०४ मितिः २०८२/०७/२२

### भाग -२

### लालीगुराँस नगरपालिका, तेह्रथुम

# सामुदायिक विद्यालयका विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगीको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८२

नगर कार्यपालिकाबाट पारित मितिः २०८२।०७।२१

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८२।०७।२२

**प्रस्तावनाः** लालीगुराँस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा रिक्त हुने विद्यालय सहायक, बालविकास सहजकर्ता र विद्यालय सहयोगीको नियुक्ति सम्बन्धी कार्यलाई कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकाले लालीगुराँस नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा ५६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयका विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगीको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि लालीगुराँस नगर कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले लालीगुराँस नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमलाई सम्झनु पर्दछ ।

ग) "शाखा" भन्नाले लालीगुराँस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

घ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ।

ङ) "व्यवस्थापन समिति" भन्नाले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

च) "विद्यालय सहायक" भन्नाले सामुदायिक माध्यमिक विद्यालयको लेखा सम्बन्धी कार्य गर्ने कर्मचारी सम्झनु पर्दछ ।

छ) "बालविकास सहजकर्ता" भन्नाले सामुदायिक विद्यालयको प्रारम्भिक बाल विकास तहमा शिक्षण गर्न नियुक्त सहयोगी कार्यकर्तालाई सम्झनु पर्दछ ।

ज) "सहयोगी" भन्नाले सामुदायिक विद्यालयमा नियुक्त हुने विद्यालय सहयोगीलाई सम्झनु पर्दछ ।

झ) "छनोट समिति" भन्नाले ऐनको दफा ४२ को उपदफा (६) बमोजिम गठन भएको विद्यालय कर्मचारी छनोट समिति सम्झनु पर्दछ ।

ञ) "कार्यविधि" भन्नाले सामुदायिक विद्यालयका विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगीको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

## परिच्छेद- २

## नियुक्ति सम्बन्धी व्यवस्था

३. **नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) विद्यालयमा रिक्त रहेको विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी पदमा व्यवस्थापन समितिले छनोट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) करारमा नियुक्त विद्यालय सहायक, बालविकास सहजकर्ता तथा सहयोगीलाई व्यवस्थापन समितिले एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

(३) करारमा विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी नियुक्तिका लागि विद्यालयको अनुरोधमा शाखाबाट दरबन्दी एकीन गरी अनुमति लिएर मात्र नियुक्ति प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

(४) विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी नियुक्तिका लागि आवश्यक विवरण खुलाई १५ दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै नगरपालिकाको कार्यालय, वडा कार्यालय र विद्यालयको सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

(५) विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी पदमा नियुक्त हुन आवेदन पेस गर्ने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता तथा नेपाली नागरिकताको प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि र व्यक्तिगत निवेदन पेस गर्नुपर्नेछ ।

(६) छनोट समितिको सिफारिसमा विद्यालयले विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी पदमा नियुक्त गरेको सात दिनभित्र सो को जानकारी शाखालाई गराउनु पर्नेछ ।

(७) यो कार्यविधि बमोजिमको प्रक्रिया नपुर्याई विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी नियुक्त गरेमा त्यस्तो नियुक्ति जुनसुकै बखत नगर कार्यपालिकाबाट बदर हुनेछ ।

(८) छनोट समितिबाट सिफारिस भएको व्यक्ति सिफारिस भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति पत्र बुझि हाजिर नभएमा वा नियुक्ति लिई हाजिर भएको मितिले छ महिना भित्रमा कुनै कारण निजले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा व्यवस्थापन समितिले बैकल्पिक सूचीको उम्मेदवारलाई नियमानुसार नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद- ३

## आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा उमेरहद

४. **आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा उमेर हदः** (१) यस कार्यविधि बमोजिम विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी पदका लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता तथा तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

(क) विद्यालय सहायकको लागि लेखा विषय सहित माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्युटर विषयमा कम्तीमा तीन महिने तालिम लिएको ।

(ख) बालविकास सहजकर्ताको लागि शिक्षा विषय सहित माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) सहयोगीको लागि आधारभूत तह कक्षा आठको परीक्षा उत्तीर्ण गरेको ।

(२) उपदफा (१) मा उल्लिखित तीनओटै पदका लागि उम्मेदवार हुन उमेर हद १८ बर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

(३) बालविकास सहजकर्ता पदको लागि लिइने परीक्षामा महिलामात्र उम्मेदवार हुन सक्नेछन् ।

## परिच्छेद- ४
## छनोट प्रक्रिया

५. **छनोट सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा रिक्त विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी नियुक्तिका लागि व्यवस्थापन समितिमा सिफारिस गर्ने कार्य ऐनको दफा ४२ को उपदफा (६) बमोजिम गठन भएको कर्मचारी छनोट समितिले गर्नेछ ।

(२) छनोट परीक्षा सम्बन्धी प्रशासनिक कामका लागि आवश्यक कर्मचारी नगरपालिकाको कार्यालयले व्यवस्थापन गर्न सक्नेछ ।

(३) छनोट समितिको सचिवालय नगरपालिकाको कार्यालयमा रहनेछ ।

(४) छनोट परीक्षा मर्यादित एवम् निष्पक्ष रुपमा सञ्चालन गर्ने गराउने मुख्य जिम्मेवारी छनोट समितिको हुनेछ ।

(५) परीक्षामा संलग्न विज्ञ तथा अन्य सदस्यहरुबाट अनियमित कार्य भएको प्रमाणित भएमा त्यस्तो कार्य गर्ने, गराउने विज्ञ तथा समितिका अन्य सदस्यलाई विज्ञ सूची तथा छनोट समितिबाट हटाई अनियमित कार्यमा संलग्नलाई नगर कार्यपालिकाले आवश्यक कारबाही गर्न सक्नेछ ।साथै अनियमित कार्य भएको प्रमाणित भएमा नगर कार्यपालिकाले छनोट परीक्षा रद्द गरी पुनः परीक्षा गराउन सक्नेछ ।

## परिच्छेद- ५
## छनोट परीक्षाको पाठ्यक्रम

६. **छनोट परीक्षाको पाठ्यक्रम सम्बन्धी व्यवस्थाः** विद्यालयमा रिक्त विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी पदको नियुक्तिका लिइने खुला प्रतियोगितात्मक छनोट परीक्षाको पाठ्यक्रम क्रमशः अनुसूची -१, अनुसूची -२ र अनुसूची -३ बमोजिम हुनेछ ।

## परिच्छेद- ६

## सेवा, शर्त तथा सुविधा

७. **सेवा शर्त तथा सुविधाः** (१) यस कार्यविधि बमोजिम विद्यालयमा नियुक्त हुने विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगीको सेवा, शर्त तथा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) विद्यालयमा नियुक्त हुने विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगीको उपदफा (१) बमोजिम प्राप्त हुने मासिक तलब भत्ताको रकममा नगर कार्यपालिकाको कार्यालय तथा सम्बन्धित विद्यालयबाट निश्चित रकम थप गर्न सकिनेछ ।

## परिच्छेद- ७

## विविध

८. **उजुरी तथा निर्णयः** यस कार्यविधि बमोजिम नियुक्त हुने विद्यालय सहायक, बालविकास सहजकर्ता र सहयोगी पदको नियुक्ति प्रक्रिया लगायतका विषयमा नगरपालिका कार्यालय समक्ष उजुरी दिन सकिनेछ ।प्राप्त उजुरीका सम्बन्धमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

९. **यसै कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि बमोजिम हुनेछन् र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि बमोजिमको कुनै व्यवस्था कार्यान्वयनमा केही बाधा भएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची – १

## (विद्यालय सहायक पदको पाठ्यक्रम)

पहिलो चरणः लिखित परीक्षा पूर्णाङ्कः १००

समयः ३ घण्टा उत्तीर्णाङ्कः ४०

| खण्ड | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अङ्क भार | समय |
|---|---|---|---|---|---|
| क | सामान्य परीक्षा | ४० | बस्तुगत | २० प्रश्न × २ अङ्कभार | ३० मिनेट |
| ख | सेवा सम्बन्धी | ६० | विषयगत | ८ प्रश्न × ५ अङ्कभार<br>२ प्रश्न × १० अङ्कभार | २ घण्टा<br>३० मिनेट |

दोस्रो चरणः अन्तर्वार्ता पूर्णाङ्कः २०

| **क्षेत्र** | विषयवस्तुको ज्ञान | पेसागत सीप/प्रविधिको ज्ञान | व्यक्तित्व, आचरण तथा प्रस्तुतीकरण | न्यूनतम शैक्षिक योग्यता | माथिल्लो शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| **अङ्कभार** | ६ | ६ | ३ | प्रथम श्रेणी -३<br>द्धितीय श्रेणी-२ | प्रथम श्रेणी -२<br>द्धितीय श्रेणी-१ |

पुनश्चः

- जम्मा १५ अङ्कमा ३५%(५.२५) भन्दा कम र ७०%(१०.५) भन्दा बढी अङ्क दिनुपरेमा स्पष्टीकरण खुलाउनु पर्नेछ ।
- तीन सदस्यीय अन्तर्वार्ता समितिको औसत अङ्क गणना गरिनेछ ।

द्रष्टव्यः

- पाठ्यक्रममा राखिएका विषयक्षेत्रहरु परीक्षा हुनुभन्दा ३ महिना अघि संशोधन वा खारेज भई त्यसको सट्टा हाल प्रचलनमा रहेकालाई सोही अनुरुप पाठ्यक्रममा समावेश भएको मानिनेछ ।

- यो पाठ्यक्रम कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ । तर यो कार्यविधि लागू हुनुपूर्व नियमानुसार नियुक्त भएका विद्यालय सहायकहरुलाई नियमित कामकाज गर्न बाधा पर्नेछैन ।

पाठ्यक्रमको विस्तृतीकरणः

खण्ड 'क' (सामान्य परीक्षा)

| क्र.स | विषयवस्त तथा क्षेत्र | प्रश्न संख्या (प्रति प्रश्न अङ्कभार २) |
|---|---|---|
| १ | नेपालको भूगोल र आर्थिक तथा सामाजिक क्रियाकलाप(धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाइने हावापानीको किसिम र विशेषता, नदीनाला, तालतलैया, खनिज पदार्थ, यातायात, विद्युत, शिक्षा, स्वास्थ्य, सञ्चार, कृषि, उद्योग, पर्यटन र व्यापार सम्बन्धी सामान्य जानकारी) | २ |
| २ | नेपालको इतिहास (किरांतकाल, लिच्छबिकाल, मल्लकाल र आधुनिक इतिहासका प्रमुख घटना सम्बन्धी सामान्य जानकारी) | २ |
| ३ | नेपालको सामाजिक एवम् सांस्कृतिक अवस्था(प्रथा, परम्परा, धर्म, जातजाति, भाषाभाषि, संस्कृति, कला, साहित्य, संगीत) | २ |
| ४ | राष्ट्रिय महत्वका समसामयिक घटना तथा नविनतम गतिविधिहरु, खेलकुद, पुरस्कार, कला, साहित्य, संगीत लगायत महत्वपूर्ण व्यक्तित्व सम्बन्धी जानकारी | २ |
| ५ | कम्प्युटर सम्बन्धी सामान्य जानकारी : परिचय, प्रकार, हार्डवेयर, सफ्टवेयर, अफिस प्याकेज(MS Word, Excel, PowerPoint), ईमेल तथा इन्टरनेट | ३ |
| ६ | शैक्षिक तथ्याङ्क संकलन, विश्लेषण, संप्रेषण र प्रयोग एवम् एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS) सम्बन्धी जानकारी | २ |

| | | |
|---|---|---|
| ७ | नेपालको संविधान, शिक्षा ऐन, २०२८ शिक्षा नियमावली, २०५९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको शिक्षा सम्बन्धी व्यवस्था, लालीगुराँस नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ | ३ |
| ८ | Aptitude Test (Verification test, Completion, Classification, Analogy, Filing aptitude test, Follows the instruction, Numerical reasoning test, Coding and Matching test, Analytical reasoning test, Direction and distance sense test) | ४ |

## खण्ड 'ख'

### (विषयः सेवा सम्बन्धी)

| क्र.स | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | लेखाको अर्थ, उद्देश्य, महत्व, लेखा शब्दावलीहरु र लेखा अवधारणा र सिद्धान्त, सरकारी र व्यावसायिक लेखा प्रणाली | १+१ = २ | ५+१० = १५ |
| २ | पत्र व्यवहारः परिचय, उद्देश्य, चिठी पत्रका गुणहरु, चिठीका प्रकार | १ | ५ |
| ३ | सामान्य गणितः प्रतिशत, भिन्न, दशमलव, अनुपात, औसत, नाफा-नोक्सान, श्रेणीक्रम र ऐकिक नियम | १ | ५ |
| ४ | अभिलेख व्यवस्थापनः अभिलेखको परिचय, उद्देश्य र प्रकार, अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग | १ | ५ |
| ५ | प्रतिवेदन लेखनः परिचय, तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु र प्रकार<br>फाइलिङः परिचय, आवश्यक्ता, विधि एवम् तरिकाहरु | १ | ५ |
| ६ | दोहोरो स्रेस्ता प्रणाली र आय व्यय, नाफा नोक्सान खाता तेरिज र वासलात सम्बन्धी सैद्धान्तिक ज्ञान, आर्थिक कार्य प्रणाली सम्बन्धी सामान्य जानकारी | १+१= २ | ५+१० = १५ |

| | | | |
|---|---|---|---|
| ७ | कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको आवश्यक्ता र महत्व, तथ्याङ्क तथा सूचनाको प्रकृति र महत्व | १ | ५ |
| ८ | योजना, संगठन, नेतृत्व, उत्प्रेरणाको परिचय, महत्व र उद्देश्य बारे सामान्य जानकारी | १ | ५ |

# अनुसूची — २

## (बालविकास सहजकर्ता पदको पाठ्यक्रम)

पहिलो चरणः लिखित परीक्षा पूर्णाङ्कः १००

समयः ३ घण्टा उत्तीर्णाङ्कः ४०

| खण्ड | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अङ्क भार | समय |
|---|---|---|---|---|---|
| क | सामान्य परीक्षा | ४० | बस्तुगत | २० प्रश्न × २ अङ्कभार | ३० मिनेट |
| ख | सेवा सम्बन्धी | ६० | विषयगत | ८ प्रश्न × ५ अङ्कभार<br>२ प्रश्न × १० अङ्कभार | २ घण्टा ३० मिनेट |

दोस्रो चरणः अन्तर्वार्ता पूर्णाङ्कः २०

| **क्षेत्र** | विषयवस्तुको ज्ञान | पेसागत सीप/प्रविधिको ज्ञान | व्यक्तित्व, आचरण तथा प्रस्तुतीकरण | न्यूनतम शैक्षिक योग्यता | माथिल्लो शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| **अङ्कभार** | ६ | ६ | ३ | प्रथम श्रेणी -३ द्धितीय श्रेणी-२ | प्रथम श्रेणी -२ द्धितीय श्रेणी-१ |

पुनश्चः

- जम्मा १५ अङ्कमा ३५%(५.२५) भन्दा कम र ७०%(१०.५) भन्दा बढी अङ्क दिनुपरेमा स्पष्टीकरण खुलाउनु पर्नेछ ।
- तीन सदस्यीय अन्तर्वार्ता समितिको औसत अङ्क गणना गरिनेछ ।

द्रष्टव्यः

- पाठ्यक्रममा राखिएका विषयक्षेत्रहरु परीक्षा हुनुभन्दा ३ महिना अघि संशोधन वा खारेज भई त्यसको सट्टा हाल प्रचलनमा रहेकालाई सोही अनुरुप पाठ्यक्रममा समावेश भएको मानिनेछ ।

- यो पाठ्यक्रम कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।तर यो कार्यविधि लागू हुनुपूर्व नियमानुसार नियुक्त भएका बालविकास सहजकर्तालाई नियमित कामकाज गर्न बाधा पर्नेछैन ।

पाठ्यक्रमको विस्तृतीकरणः

खण्ड 'क'

| क्र.स | विषयवस्त तथा क्षेत्र | प्रश्न संख्या (प्रति प्रश्न अङ्कभार २) |
|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, नदि, हिमाल) | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | २ |
| ३ | शिक्षाको अर्थ, परिभाषा, उद्देश्य र कार्यहरु | २ |
| ४ | शिक्षा मनोविज्ञानः अर्थ, अवधारणा, आवश्यक्ता र महत्व | २ |
| ५ | मानव वृद्धि र विकासः अवधारणा, अर्थ, परिभाषा, फरक, विशेषता | २ |
| ६ | पूर्व बाल्यावस्थाः परिचय, विकासात्मक कार्यहरु र विशेषता | २ |
| ७ | पाठ्यक्रमको परिचय, अवधारणा, प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७(सक्षमता, सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धि विस्तृतिकरण) | २ |
| ८ | शैक्षणिक योजनाः अर्थ, परिभाषा, आवश्यक्ता, बार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजना | २ |
| ९ | शैक्षिक संगठनः कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण र मिश्रित शिक्षण | २ |
| १० | नेपालको संविधानमा भएको शिक्षा सम्बन्धी व्यवस्था, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको शिक्षा सम्बन्धी व्यवस्था, लालीगुराँस नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ | २ |

## खण्ड 'ख'
(विषयः सेवा सम्बन्धी)

| क.स | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | शैक्षणिक योजनाः परिचय, आवश्यक्ता, निर्माण र प्रयोग(बार्षिक कार्य तालिका, बार्षिक शैक्षिक योजना, एकाइ योजना, दैनिक पाठयोजना र दैनिक कार्यतालिका)<br>कक्षाकोठा व्यवस्थापनः अवधारणा र महत्व, कक्षाकोठाको वातावरण र वसाइ व्यवस्थापन<br>शैक्षणिक व्यवस्थापनः कक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा शिक्षण<br>कक्षाकोठामा विविधता व्यवस्थापनः(भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिक र शारीरिक) | १+१ = २ | ५+१० = १५ |
| २ | शैक्षिक सामग्रीः परिचय, महत्व, प्रकार, निर्माण र प्रयोग | १ | ५ |
| ३ | विद्यालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदायबीच सम्बन्ध । | १ | ५ |
| ४ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाईः व्यक्तिगत सरसफाई, वातावरणीय सरसफाई, फोहोर व्यवस्थापन<br>प्राथमिक उपचारः परिचय, महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा,घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपाय | १ | ५ |
| ५ | पाठ्यक्रमः अर्थ, परिभाषा, महत्व, तत्वहरु, पाठ्यक्रम निर्माणका आधारहरु, प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, | १ | ५ |

| | | | |
|---|---|---|---|
| | २०७७(सक्षमता, सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धि विस्तृतीकरण) | | |
| ६ | बाल मनोबिज्ञानः अर्थ, क्षेत्र, आवश्यक्ता र महत्व पूर्व वाल्यावस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पूर्व बाल्यावस्थाका बालबालिकाको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका | १+१ = २ | ५+१०= १५ |
| ७ | सिकाइः अर्थ, स्वरुप र शैलिहरु, परिपक्वता र सिकाइबीच अन्तरसम्बन्ध, स्व-प्रतिबिम्बन र सिकाइ, सिकाइ स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ, शिक्षण विधिको वर्गीकरण र प्रयोग, शिक्षक निर्देशिका, शिक्षण सिकाइमा सञ्चार तथा सूचना प्रविधिको प्रयोग | १ | ५ |
| ८ | परीक्षा र मूल्याङ्कनः परीक्षाको अवधारणा, उद्देश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा, उद्देश्य | १ | ५ |

**आज्ञाले**
**सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**